बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल
☎ ०२३-५५५०४४

प.सं. ०८३।०८४
च.नं

मिति: २०८३।०६।१४

श्री सरोकारवाला सबै ।

**विषय: दररेट पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत सम्बन्धमा बुद्धशान्ति गाउँपालिकालाई तपसिल बमोजिम मापदण्ड भएको पुस्तक छपाई गर्नुपर्ने भएकोले सम्बन्धित सबैमा ५ दिनभित्रमा दररेट पेश गर्नहुन जानकारीको लागि अनुरोध छ ।

तपसिलः

**१. सामान्य विवरण**

- **किताबको किसिम:** योजना किताब (Project Book),
- **प्रयोगकर्ता निकाय:** बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुधबारे झापा।
- **कागजको आकार (Size):** लिगल साइज पेपर (Legal Size Paper – ८ देखि १०इन्च * १२-१५ इन्च)
- **अनुमानित छपाई हुने संख्या**: कम्तीमा ७५० प्रति

**२. कागज तथा छपाई विवरण (Paper & Printing Specifications)**

- **कभर पेज (Cover Page):**
    - **कागजको गुणस्तर:** न्यूनतम ८० जीएसएम आर्ट पेपर (Minimum 80 GSM Art Paper)
    - **प्रिन्टिङ:** मल्टिकलर / आकर्षक रंगीन प्रिन्ट (Multicolor Print)
    - **फिनिसिङ:** कभरको स्थायित्व हुने
- **भित्री भाग (Inner Pages):**
    - **कागजको गुणस्तर:** न्यूनतम ८० जीएसएम फोटोकपी / अफसेट पेपर (Minimum 80 GSM Photocopy/Offset Paper)
    - **प्रिन्टिङ:** कालो-सेतो (Black & White) वा माग बमोजिम रङ्गीन टेबुल/चार्टसहित

**३. बाइन्डिङ र अन्य प्राविधिक विशेषताहरू**

- **बाइन्डिङ (Binding):** बलियो र टिकाउपूर्ण बाइन्डिङ (परफेक्ट बाइन्डिङ / स्टिच बाइन्डिङ वा आवश्यकता अनुसार)
- **पन्चिङ (Punching):** किताबको कभरको दुवैतर्फ माथिल्लो भागको बीचमा पर्ने गरी A4 size पेपर कभर हुने गरी पन्चिङ गर्ने, पन्चिङ भएको ठाउँमा metal ले कभर गर्ने, लेस समेत राख्ने,
- **पेज संख्या (Page Count):** गाउँपालिकाको आवश्यकता अनुसार अनुमानित पाना ३० देखि ४० पेज
- **डिजाइन तथा लेआउट:** गाउँपालिकाबाट उपलब्ध गराएको विवरण वा डाटा अनुसार कम्प्युटर टाइपिङ, पेज सेटअप, डिजाइन र प्रूफ रिडिङ कार्यसहित।

**४. आपूर्ति तथा गुणस्तरका सर्तहरू**

- छपाई कार्य गर्नुपूर्व गाउँपालिकाबाट कभर डिजाइन र भित्री पानाको **नमुना (Sample)** स्वीकृत गराउनुपर्नेछ।
- तोकिएको गुणस्तर (GSM) र मापदण्ड अनुसार नभएमा किताबहरू अस्वीकार गर्न सकिनेछ।
- निर्धारित समयसीमाभित्र बुद्धशान्ति गाउँपालिकाको कार्यालयमा नै किताबहरू सुरक्षित रूपमा डेलिभरी गर्नुपर्नेछ।

फारामः

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | योजना पुस्तिका छपाई | | माथि उल्लेख भएको स्पेसिफिकेशन बमोजिम । |
| २ | डेलिभरी | | एकमुष्ट |
| | जम्मा | | |

६।१४
मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत